पश्चिमाञ्चल क्षेत्र

# मानवअधिकार स्थितिसूचक



वर्ष २, अङ्क २

असार २०६९

विगत तीन महिनामा पीडित भएकाहरूको सङ्ख्या (अप्रिल-जुन २०१२)




पश्चिमाञ्चल क्षेत्रद्वारा सम्पन्न

विविध क्रियाकलापहरू

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पश्चिमाञ्चलद्वारा प्रकाशित

**सल्लाहकार**
शिव खकुरेल

**संयोजन/सम्पादन**
टंक खनाल

**विशेष सहयोगी**
गणेश श्रेष्ठ
सनबहादुर थापा

**व्यवस्थापक**
मधु पन्थी

**फोटो**
इन्सेक जिल्ला प्रतिनिधि

पोखरा उमनपा-७, जनप्रियमार्ग
फोन : ०६१-४६५५१२
फ्याक्स : ०६१-४६३४९२
Email: pokhara@insec.org.np
Website: www.inseconline.org

**मुद्रक**
छुनुमुनु अफसेट प्रेस
पोखरा उमनपा- ८ न्यूरोड
फोन : ०६१-५३४२९३

# मानवअधिकार अवस्था विश्लेषण

बितेका तीनमहिना (अप्रिलदेखि जुन-२०१२) पश्चिमाञ्चल क्षेत्रको मानवअधिकार अवस्थामा सुधार आउन सकेन्। मानवअधिकारको अवस्थामा तुलनात्मक रुपमा विगतका महिनामा भन्दा यस अवधीमा असहज नै रह्यो। संविधान निमार्णका सवालमा आफ्ना मागहरूलाई सम्बोधन गर्नका लागि विभिन्न क्षेत्रबाट आव्हान गरिएको दवाव तथा विरोधका कार्यक्रमले मानवअधिकारको अवस्था सन्तोषजनक भएन।

यस अवधिमा हत्या, धम्की/कुटपिट, भेला हुने सङ्गठित हुने अधिकार, बालअधिकार, महिलाअधिकार र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका घटनाहरू इन्सेक क्षेत्रीय कार्यालयमा अभिलेख भए। तीन महिनाको अवधिमा भएका १ सय ४ ओटा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ७१ जना पीडित भए। राज्यपक्षबाट नवलपरासीमा एक र कपिलवस्तुमा एक गरी दुई जनाको हत्या भयो। अन्य (व्यक्तिगत) बाट ७ जनाको हत्या भयो। धम्की/कुटपिटमा राज्य पक्षबाट १३ जना र अन्य पक्षबाट १७ जना तथा दोहोरो झडपमा ३८ जना पीडित भए। यसैगरी यस अवधीमा सबैभन्दा बढी अभिव्यक्ति, भेला हुने, संगठित हुने अधिकारका (राजनीतिक स्वतन्त्रता, निष्पक्ष चुनाव समेत) विभिन्न घटनामा ५८ जना पीडित भए। यसैगरी बालअधिकारमा १३ जना बालबालिका, महिला अधिकारमा २१ महिला पीडित भए। जस मध्ये ३ जना महिलाको हत्या भएको छ। आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार अन्तर्गतका विभिन्न घटनामा ७२ ओटा सवारी साधनमा आगजनी, तोडफोड र क्षति पुगेको छ। जसमध्ये नवलपरासी जिल्लामा सबैभन्दा बढी ५५ सवारी साधनमा क्षति पुगेको छ।

यस तीन महिनाको अवधीमा गैरराज्य पक्ष (व्यक्तिगत) बाट भएका मानवअधिकार उल्लङ्घनका घटना अधिक रहेका छन। नयाँ बन्ने संविधानमा आफ्ना हक अधिकार र एकल जातीय पहिचानसहित सङ्घीय राज्यको घोषणा गरिनुपर्ने पक्ष र जातीय पहिचानको आधारमा सङ्घीयतामा जान नहुने पक्षबाट भएका आन्दोलन, बन्द हड्ताल, विरोध प्रदर्शन जस्ता क्रियाकलापबाट मानवअधिकारको अवस्था जटिल बनेको हो। यस बाहेक बालअधिकार र महिलाअधिकार उल्लङ्घन तथा हनन्का घटनामा तुलनात्मक रूपमा कमि आउन सकेको छैन। बालबालिका र महिलामाथि हुने विभेद र अमानवीय व्यवहारका घटनालाई न्यूनिकरण गर्नका लागि सरोकारवाला निकायको ध्यान जानु जरुरी छ। मुलुकको मानवअधिकारको अवस्थाले कानुनी शासनको सवलीकरणमा चुनौती दिएको छ।

इन्सेक पश्चिमाञ्चल क्षेत्रले हरेक तीन/तीनमहिनामा समग्र मानवअधिकारको अवस्थालाई विश्लेषण गर्दै मानवअधिकार स्थितिसूचक प्रकाशन गर्दै आएको छ। यहाँको आवश्यक सुझाव सल्लाह र प्रतिक्रियाको हामी अपेक्षा गरेका छौं। धन्यवाद

**शिव खकुरेल**
क्षेत्रीय संयोजक

# पश्चिमाञ्चल क्षेत्रको मानवअधिकार : तीन महिनाका प्रतिनिधिमूलक घटना

(०६८ चैत १९ तदनुसार अप्रिल २०१२ देखि ०६९ असार १६ जुन २०१२ सम्म)

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### राज्यबाट

**नवलपरासी**

कुमारवर्ती गाविस-७ गोछडाका ४८ वर्षीय धनबहादुर थनेत ०६९ वैशाख २७ गते प्रहरीको गोली लागि घाइते भएकोमा उपचारको क्रममा ०६९ जेठ २३ गते शिक्षण अस्पताल काठमाण्डौमा मृत्यु भयो। २०६९ वैशाख २६ गते ब्राम्हण क्षेत्री समाजका कार्यकर्ताले अर्ग्यौली गाविस-९ डण्ठास्थित थारु संग्रहालयमा आगजनी गरेको घटनालाई लिएर विरोध प्रदर्शन गरिरहेका थारु सङ्घर्ष समितिका कार्यकर्ता र प्रहरीबीच कावासोती गाविस-५ स्थित कालिगण्डकी अस्पताल अगाडि झडप भएको थियो। थारु कार्यकर्ताले प्रहरीमाथि ढुङ्गा प्रहार भएपछि प्रहरीले गोली चलाएको थियो। उक्त घटनामा थनेत सहित अग्यौली गाविस-३ हेगौलीका २३ वर्षीय विशाल चौधरी, सोही गाविस-८ का २२ वर्षीय ताराबहादुर थनेत, अग्यौली गाविस-४ का टोकबहादुर थनेत, कुमारवर्ती गाविस-७ का २२ वर्षीय महेन्द्र आलेमगर गोली लागेर घाइते भएका थिए। उनीहरूको चितवन र काठमाण्डौमा उपचार भयो। घटनामा प्रहरीको लाठी चार्जबाट अग्यौली गाविस-४ का २७ वर्षीय निम महतो सोही गाविस-८ का ३२ वर्षीय देव चौधरी, सोही गाविस-३ हेगौलीका उद्देश महतो, सोही गाविस-१ का कोशीराम महतो, मानबहादुर महतो, सोही गाविस-८ का जीवन महतो, सोही गाविस-७ का प्रदीप थनेत, नारायण महतो, जितेन्द्र महतो, अर्ग्यौली गाविस-२ का दुर्गा महतो, सोही गाविस-१ का निरग महतो, नानिराम गुरौ, देवनारायण महतो, मझिलाल महतो, पिठौली गाविस-४ का ईश्वरीप्रसाद गुरौ, देउराली गाविस-५ का वीरेन्द्र महतो, तमसंरिया गाविस-५ का जितबहादुर महतो, रजहर गाविस-१ का विश्वेश्वर चौधरी, कुमारवर्ती गाविस-३ का राजेश महतो, घटनामा प्रहरी निरीक्षक उमेश लम्साल, सई देवराज शर्मा, असइ हवल्दार कृष्णा बास्ताकोटी, प्रहरी जवान सूर्यप्रसाद जैसी, छक्कबहादुर कार्की, दिलुबहादुर थापा, नापित चौधरी घाइते भए। उनीहरूको कालीगण्डकी अस्पताल र स्थानीय मेडिकल कलेजमा उपचार भयो।

**कपिलवस्तु**

शिवनगर गाविस-७ छितैडीहवाका २५ वर्षीय बदलु भन्ने मगरे मुराउलाई सशस्त्र प्रहरी बल राजस्व तथा भन्सार गस्ती कृष्णनगरका प्रहरी हवल्दार राजकुमार गुप्ता र जवान प्रदीप अधिकारीले ०६८ चैत २४ गते चन्द्रौटामा कुटपिट गरे। कुटपिटबाट घाइते मुराउको काठमाडौंको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा उपचारको क्रममा चैत २७ गते मृत्यु भयो। ०६८ चैत २४ गते चन्द्रौटाबाट गएका महिलाहरूले लगेको मदिराको जर्किन रिक्सामा बोकेर लगेको अवस्थामा सिभिल ड्रेसमा रहेका सशस्त्र प्रहरीले रकमको बार्गेनिङ गर्दा लेनदेन नमिलेपछि कुटपिट गरेका थिए। प्रहरीले बुटले छाती र टाउकोमा कुटपिट गर्दा घाइते भएका थिए। स्थानीयबासी र इलाका प्रहरी कार्यालय कृष्णनगरले उनलाई स्थानीय मेडिकलमा उपचारका लागि लगेका थिए। त्यहाँ उपचार हुन नसकेपछि अञ्चल अस्पताल रिफर गरेकोमा थप उपचारका लागि काठमाडौं पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको थियो। मृतकका आफन्तले ०६८ चैत २७ गते कृष्णनगरस्थित चन्द्रौटा सडक अवरुद्ध गरी घटनामा संलग्न दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्तिको माग गरे। प्रमुख जिल्ला अधिकारी, प्रहरी, सशस्त्र प्रहरी, मानवअधिकारकर्मी, नागरिक समाज, पीडित पक्ष वीच भएको छलफलमा पीडित परिवारलाई १० लाख रूपियाँ राहत दिने र दोषीलाई कारबाही गर्ने सोही दिन सहमति भयो। घटनाको इन्सेक लगायतका मानवअधिकारवादी संघसंस्थाहरूले स्थलगत अनुगमन गरेका थिए।

#### अन्यबाट

**गोरखा**

झापा जिल्ला बेलडाँगी गाविस-६ घरभई बोर्लाङ गाविसमा भुटानी शरणार्थीको रूपमा कार्यरत ४२ वर्षीय अमर गुरुङलाई ०६९ वैशाख ५ गते सोही ठाँउ निवासी सहकर्मी २६ वर्षीय कुमार गुरुङले बोर्लाङ गाविस-८ क्यामुनटारमा खुकुरी प्रहार गरी हत्या गरे। बोर्लाङ गाविसस्थित सामुदायिक बनमा काठ काट्न गएका बेला उनीहरू वीच विवाद भएपछि कुमारले अमरको घाँटीमा खुकुरी प्रहार गरी हत्या गरेका थिए। पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान जारी राखेको जिल्ला



*आदिवासी जनजाति महासंघ संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको नेपाल बन्दको क्रममा प्रहरीको लाठी प्रहारबाट घाइते भएका रजनी गुरुङ, सन्दीप गुरुङ र विनु थापामगर*

प्रहरी कार्यालयले जनाएको छ।

## गोली/विस्फोटक पदार्थबाट घाइते

### कपिलबस्तु

भलवार्ड गाविस-७ पडेरियाकी ७५ वर्षीया उर्मिला ओली ०६९ वैशाख १७ गते अज्ञात समूहले शौचालयमा बेवारिसे अवस्थामा राखेको बम विष्फोटनमा परी घाइते भईन्। साँझ शौचालय जाने क्रममा लाईट जस्तो वस्तु देखेर हातले समाउने क्रममा विस्फोट भएको थियो। विस्फोटबाट उनको बायाँ हात भाँचिनुका साथै शरीरमा बमका छर्रा लागेको थियो। उनको लुम्बिनी अस्पतालमा प्राथमिक उपचार गरी थप उपचार काठमाडौंको शिक्षण अस्पतालमा भयो। घटनास्थलमा डेटोनेटर र विष्फोटक पदार्थका टुक्राहरू भेटिए तापनि कस्तो बम हो कस्ले राख्यो भन्ने बारे अनुसन्धान भइरहेको इन्स्पेक्टर बामदेव गौतमले बताए।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

### कास्की

लामाचौर गाविस-२ गैरीखोरका २१ वर्षीय सविन गुरुङलाई वडा प्रहरी कार्यालय बगरबाट गस्तीका गएका प्रहरी हवल्दार अगन्त राउत कुर्मी, प्रहरी जवानहरू दिपेन्द्र टमटा, विजय आउदी र कृष्ण हमालले मादक पदार्थ सेवन गरी होहल्ला गरेको आरोपमा ०६९ जेठ ३१ गते गैरीखोरबाट गिरफ्तार गरी कुटपिट गरे। गस्तीमा गएको प्रहरी टोली र स्थानीय युवाहरूबीच भनाभन भएको थियो। घटनापछि साथीहरूसँगै घर फर्किएका गुरुङलाई प्रहरीले गिरफ्तार गरी कुटपिट गरेको पीडितकी आमा शान्ति गुरुङले बताइन्। पीडितको नितम्ब, छाती, घुँडा र घाँटीमा चोट लाग्नुका साथै शरीरभरि लाठीको निलडाम रहेको थियो। उनको पोखराको फिस्टेल अस्पतालमा उपचार भयो। जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी श्यामकृष्ण अधिकारीले कानुनभन्दा बाहिर गई गतिविधि गरेकोले घटनामा संलग्न प्रहरीलाई विभागीय कारबाही गरिएको बताए। घटनामा संलग्न चारै जना प्रहरीले गल्ती भएको स्वीकार गर्दै आगामी दिनमा गल्ती नदोहोऱ्याउने प्रतिबद्धतासहित पीडितकी आमा शान्ति गुरुङसँग माफी मागे।

### नवलपरासी

जमुनिया गाविस-८ चौपत्ताका १६ वर्षीय सन्तोष चौधरीलाई सशस्त्र प्रहरी वेस क्याम्पमा कार्यरत प्रहरीले ०६९ जेठ ३ गते भैंसी चराइरहेको बेला विना कारण लाठी प्रहार गरी कुटपिट गरे। लाठी प्रहारबाट पीडितको बायाँ हात कुमबाट भाँचिएको थियो। उनको सोही ठाउँस्थित शहिद स्मृति सामुदायिक अस्पतालमा उपचार भयो। घाइतेको उपचार खर्च बेहोर्ने सशस्त्र प्रहरी इन्स्पेक्टर विष्णु विसीले नै व्यहोर्ने सहमति भयो। घटनामा दाउन्नेदेवी गाविसका २१ वर्षीय कुमार तामाङ समेत घाइते भएका थिए।

### कपिलबस्तु

पकडी गाविस-६ का ४० वर्षीय अब्दुल सलाम अन्सारीलाई जिल्ला प्रहरी कार्यालय महिला सेल प्रमुख इन्दिरा गिरीको आदेशमा ०६९ जेठ १९ गते प्रहरीले कुटपिट गरे। उनका पत्नी जैसन निशाले उनी विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोले छलफल लागि प्रहरी कार्यालय बोलाई बन्द कोठामा लगेर कुटपिट गरेका हुन्। कुटपिटबाट पीडितको पाखुरा, खुट्टा र तिघ्रामा निलडाम रहेको थियो। अनुसन्धान गर्दा कुटपिट तथा यातना दिन नपाइने कानुनी व्यवस्था हुँदा-हुदै कुटपिट हुनु मानवअधिकार हनन् भएको पीडितले बताए। कुटपिट गर्न आदेश दिने महिला सेल प्रमुखलाई विभागीय कारबाही गरिने एसपी सुरेश बस्नेतले बताए।

### अन्यबाट

### तनहुँ

नवलपरासी जिल्ला सुनवल गाविस घर भई हाल व्यासनगर नपा-२ दर्मौली निवासी नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष एवम् इन्सेकका सहजकर्ता ४० वर्षीय प्रेमप्रसाद पौडेल र व्यासनगर नपा-१ निवासी इन्सेक जिल्ला प्रतिनिधि ३० वर्षीय प्रकाशचन्द्र भट्टराईलाई ०६९ जेठ ४ गते दुलेगौंडा गाविस-८ बेलचौतारास्थित पृथ्वीराजमार्गमा संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले कुटपिट र अमानवीय व्यवहार गरे। जातीय पहिचान सहितको सङ्घीयताको विरोधमा ब्राम्हण, क्षेत्री, दशनामी, ठकुरी, रानाभाट र दलित समुदायद्वारा गठित संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको नेपाल बन्दको अनुगमन गर्न मोटरसाइकलमा गएको बेला बन्दकर्ताले रोकेर परिचयपत्र हेरेपछि दुवै जनालाई कुटपिट गरेका थिए। कुटपिटमा संलग्न दुलेगौंडा गाविस निवासी संयुक्त सङ्घर्ष समितिका कार्यकर्ता प्रमिन राउत, विष्णु शाही र पुकार थापालाई कारबाहीको माग गर्दै सोही दिन जिल्ला प्रहरी कार्यालयमा पीडितले जाहेरी दिए। प्रहरीले पीडकहरूलाई ०६९




*आदिवासी जनजाति महासंघ संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको नेपाल बन्दको क्रममा प्रहरीको लाठी प्रहारबाट घाइते भएका भीमबहादुर गुरुङ र सुरज गुरुङ*

जेठ ५ गते गिरफ्तार गरेकोमा दुवैपक्ष बीच भएको छलफलमा पीडकहरूले घटनाप्रति लिखित माफी मागेपछि सोही दिन मिलापत्र भयो। उक्त घटनाको इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा, नेपाल पत्रकार महासंघ जिल्ला शाखा, प्रेस चौतारी, प्रेस युनियन, क्रान्तिकारी पत्रकार संघ लगायतका संस्थाले विज्ञप्ति प्रकाशित गरी निन्दा र भर्त्सना गरे।

व्यास नपा-१० दमौली निवासी प्रेस चौतारीका जिल्ला कोषाध्यक्ष कारोबार एवं लोकवाणी दैनिकका सम्वाददाता २४ वर्षीय कृष्ण न्यौपानेलाई ०६८ चैत २७ गते राति व्याँस नपा-१० दमौलीमा अज्ञात समूहले कुटपिट गरे। कार्यालयको काम सकेर घरतर्फ फर्कदै गर्दा सडकमा रहेका अज्ञात व्यक्तिहरूको समुहले कुटपिट गरी मोबाइल र नगद समेत लुटेको पीडितले बताए। घटनाको नेपाल पत्रकार महासंघ र प्रेस चौतारीले प्रेस विज्ञप्ति प्रकाशित गरी भर्त्सना गरे।

**लम्जुङ**

अर्चलबोट गाविस-७ निवासी भुपू सैनिक बोर्डिङ स्कूलका शिक्षक २८ वर्षीय भुवन दाहाललाई आदिवासी जनजाति महासंघले आह्वान गरेको नेपाल बन्दको क्रममा विद्यालय सञ्चालन गरी बन्दको अवज्ञा गरेको भन्दै धम्की दिनुका साथै ३० पटक कान समातेर उठबस गराए। पीडितले कतै पनि उजुरी नगरेकोले पीडकलाई कुनै कारबाही भएन।

चितवन जिल्ला चैनपुर गाविस-८ निवासी त्रिभुवन मावि भुजुङका प्रधानाध्यापक ४० वर्षीय खेमराज खतिवडालाई भुजुङ गाविस-८ का चिजबहादुर गुरुङ, सोही गाविस-४ का टिकबहादुर गुरुङ र सोही गाविस-३ का युवराज गुरुङले पढाउन नदिने भन्दै ०६९ जेठ २४ गते विद्यालय परिसरमा कुटपिट गरे। घटनाको बारेमा पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा जेठ २५ गते उजुरी दिएकोमा पीडकलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयको आदेशमा पीडकहरू ०६९ असार १५ गते जनही ३ हजार रूपियाँमा तारेखमा रिहा भए। पीडित खतिवडाको लमजुङ सामुदायिक अस्पताल र नर्भिक अस्पताल काठमाडौंमा उपचार भयो।

**कास्की**

पोखरा उमनपा-७ मासवार निवासी इलाका वन कार्यालय पुम्दीभुम्दीका सहायक अधिकृत ५० वर्षीय माधव बराललाई आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले ०६९ जेठ ९ गते पोखरा उमनपा-८ सृजनाचोकमा कुटपिट गरे। एकल जातीय पहिचान सहतिको सङ्घीयताको माग गर्दै आन्दोलनरत आन्दोलनकारीलाई लक्षित गरेर बोलेको भन्दै उनीहरूले कुटपिट गरेका थिए। बरालको सोही ठाउँस्थित मेट्रोसिटी अस्पतालमा उपचार भयो। प्रहरीले कुटपिटमा संलग्न भएको आरोपमा २४ वर्षीय इन्द्रबहादुर थापा र २६ वर्षीय सन्तबहादुर गुरुङलाई गिरफ्तार गरेकोमा सोही साँझ रिहा गऱ्यो। त्यसैगरी आन्दोलनकारीले बन्दको अवज्ञा गरेको भन्दै पोखरा उमनपा-१० रामबजारमा ग ३ प ९७२७ नम्बरको मोटरसाइकल र ग३प ५७०५ नम्बरको स्कुटर तोडफोड गरी मोटर साइकलमा सवार २४ वर्षीय विनोद गुरुङ र १५ वर्षीय सुहिल गुरुङलाई समेत कुटपिट गरे। उनीहरूको स्थानीय मेडिकलमा उपचार भयो।

संयुक्त सङ्घर्ष समितिले ०६९ वैशाख २८ गते आह्वान गरेको नेपाल बन्दको क्रममा प्रदर्शन गर्दै हिँडेका पोखरा उमनपा-१७ छोरेपाटनका ४७ वर्षीय नरेन्द्र कार्की र सोही ठाउँका ३६ वर्षीय राजेन्द्र पाठकलाई स्थानीयवासीले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट घाइते कार्कीको चरक अस्पतालमा र पाठकको विरौटास्थित नमस्ते अस्पतालमा उपचार भयो। नेपाल बन्दको क्रममा खुलेको पसल बन्द गराउदै हिँडेका उनीहरूलाई जबरजस्ती पसल बन्द गराएको भन्दै स्थानीयवासीले कुटपिट गरेका थिए।

**दोहोरो झडप**

जातीय राज्यको विरोधमा संयुक्त सङ्घर्ष समितिले ०६९ वैशाख २७ गते निकालेको मशाल जुलुसका क्रममा आन्दोलनकारी र प्रहरी बीच दोहोरो झडप भयो। सङ्घर्ष समितिले ०६९ वैशाख २८ र २९ गते आह्वान गरेको नेपाल बन्दको पूर्व सन्ध्यामा मसाल जुलुस प्रदर्शन गर्ने क्रममा पृथ्वीचोकस्थित लखन थापामगरको सालिक र तमुवान स्वायत्त गणराज्य लेखिएको बोर्ड तोडफोड गर्न खोज्दा प्रहरी र आन्दोलनकारीबीच झडप भएको हो। झडपमा परी आन्दोलनकारीहरू धिताल गाविस-३ का १९ वर्षीय मोहनराज गौतम, पोखरा उमनपा-१६ लामाचौरका २२ वर्षीय विक्रम शाही, सोही ठाउँका २४ वर्षीय भेषराज रेग्मी, आर्वाविजय गाविस-२ का १६ वर्षीय सूर्य अधिकारी, पोखरा उमनपा-१३ भद्रकालीका २० वर्षीय गोविन्द लामिछाने, पोखरा उमनपा-९ नयाँबजारका २६ वर्षीय ज्ञानेन्द्रबहादुर कार्की र सोही ठाउँका २५ वर्षीय रामचन्द्र सिग्देल घाइते भए। घाइते भेषराजको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा र अन्यको चरक अस्पतालमा उपचार भयो। त्यसैगरी आन्दोलनकारीको ढुङ्गा लागेर प्रहरी जवानद्वय २६ वर्षीय सहदेव बुढाथोकी र २८ वर्षीय पूर्णबहादुर गुरुङ घाइते भए। उनीहरूको चरक अस्पतालमा उपचार भयो।

आदिवासी जनजाति महासंघ संयुक्त सङ्घर्ष समितिले ०६९ जेठ ८ गते आह्वान गरेको नेपाल बन्दको क्रममा पोखरा उमनपा-९ स्थित पृथ्वीचोकमा आन्दोलनकारी र प्रहरी बीच झडप भयो। झडपका क्रममा प्रहरीको लाठीचार्जबाट स्याङजा जिल्ला राङभाङ गाविस-५ घर भई गण्डकी मिडिया हाउसमा कार्यरत सञ्चारकर्मी २२ वर्षीया विनु थापामगर, पोखरा उमनपा-१३ की ४५ वर्षीया निरदेवी गुरुङ, पोखरा उमनपा-१० रामबजारका २८ वर्षीय सन्दीप गुरुङ, पोखरा उमनपा-१८ खाल्टेमसिनाका ४९ वर्षीय सुवेदार भीमबहादुर गुरुङ, सोही ठाउँका ३५ वर्षीय सुरेश गुरुङ, ५२ वर्षीय ओमबहादुर गुरुङ, पोखरा उमनपा-११ फूलबारीका ५२ वर्षीय बनबहादुर गुरुङ, पोखरा उमनपा-१५ लक्ष्मीटोलका ४६ वर्षीय राज गुरुङ, पोखरा उमनपा-१६ दीपकी २२ वर्षीया रजनी गुरुङ, पोखरा उमनपा-६ जिरोकिमीका २२ वर्षीय सुरज गुरुङ घाइते भए।

उनीहरूको चरक अस्पतालमा उपचार भयो। झडपमा आन्दोलनकारीको ढुङ्गा प्रहारबाट प्रहरी हवल्दार ३० वर्षीया कन्या गुरुङ घाइते भइन्। उनको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

**नवलपरासी**

इलाका प्रहरी कार्यालय गैडाकोटमा कार्यरत प्रहरी इन्स्पेक्टर ३५ वर्षीय डिल्लीराम पाण्डे र सोही कार्यालयका सई ३४ वर्षीय कृष्ण खनाललाई थारु सङ्घर्ष समितिका कार्यकर्ताहरूले ०६९ वैशाख २७ गते लाठी र रड प्रहार गरी घाइते बनाए। उनीहरूको स्थानीय अस्पतालमा उपचार हुन नसकेपछि काठमाडौँको वीरेन्द्र प्रहरी अस्पतालमा उपचार भयो। वैशाख २६ गते ब्राम्हण, क्षेत्री समाजका कार्यकर्ताले अर्ग्यौली गाविसस्थित डण्डामा थारू संग्रहालयमा तोडफोड र आगजनी गरेपछि इलाका प्रहरी कार्यालय कावासोतीमा ब्राम्हण, क्षेत्री, दशनामी समाजका प्रतिनिधि र थारु सङ्घर्ष समितिका प्रतिनिधिसहित सर्वपक्षीय छलफल भएको थियो। छलफलपछि थारु अगुवाहरूलाई पुऱ्याउन अर्ग्यौली गाविस-९ डण्डामा गएको बेला थारू संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले वार्ता चलिरहेको बेला आफ्ना कार्यकर्तामाथि गोली चलाएको आरोपमा प्रहरीमाथि आक्रमण गरेका थिए।



*आदिवासी जनजाति महासंघ संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको नेपाल बन्दको क्रममा आन्दोलनकारीको कुटपिटबाट घाइते भएका माधवप्रसाद बराल*

रामग्राम नपा-३ निवासी नेपाल पत्रकार महासंघका केन्द्रीय पार्षद हरि शर्मालाई थारू संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको बन्दको क्रममा समाचार सङ्कलनका क्रममा ०६९ जेठ ४ गते तिलकपुर गाविसमा थारू कार्यकर्ताले कुटपिट गरे। साथै उनी चढेको लु४प २६५५ नम्बरको मोटरसाइकलमा समेत तोडफोड गरे। पीडितको जिल्ला अस्पताल परासीमा उपचार भयो।

चितवन जिल्ला गुञ्जनगर गाविस-२ निवासी ३७ वर्षीय रामकृष्ण दवाडीलाई बुटवलबाट चितवन जाँदै गर्दा थारु सङ्घर्ष समितिका कार्यकर्ताले ०६९ जेठ ३ गते राति तिलकपुर गाविस-१ तुल्सीपुरमा रड, लाठी प्रहार गरी मरणासन्न हुने गरी कुटपिट गरे। उनलाई जेठ ४ गते स्थानीयवासीले घाइते अवस्थामा फेला पारेपछि दाउन्ने गाविस-४ स्थित दाउन्ने पोलिक्लिनिकमा लगेर उपचार गराए। बुटवलका एक आफन्त सहित मोटरसाइकलमा गएका उनीहरूलाई थारु कार्यकर्ताले कुटपिट गरी अचेत भएपछि मोटरसाइकल र मोटरसाइकलका धनीका बारेमा केही थाहा नभएको बताए। उनले भारतबाट छुट्टीमा घर आएको र आफूसँग भएको ५० हजार भारु समेत उक्त समूहले लगेको बताए। घटनाको बारेमा सङ्घर्ष समितिका सदस्य देवराज चौधरीले घुसपैठ भएको बताए।

**रूपन्देही**

पर्रोहा गाविस-१ मुर्गिया निवासी इन्सेक जिल्ला प्रतिनिधि ३० वर्षीय अमृत गिरीलाई आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले ०६९ जेठ ८ गते आह्वान गरेको नेपाल बन्दको अनुगमनका क्रममा समितिका कार्यकर्ताले कुटपिट र दुर्व्यवहार गरे। साथै उनी चढेको ६६५९ नम्बरको मोटरसाइकल तोडफोड गरे। समितिका सदस्य क्याप्टेन बलबहादुर थापाको नेतृत्वमा रहेका दीपक थापा, सन्तोष थापा, राजु सर्तुङ्गे लगायतको समूहले बुटवल नपा-१४ वेसबासमा अमानवीय व्यवहार गरेका थिए। पीडितले सोही दिन ईलाका प्रहरी कार्यालय बुटवलमा घटनाको बारेमा उजुरी गरे पनि प्रहरीले माथिको आदेश नभएको भन्दै कसैलाई पनि गिरफ्तार गरेन। घटनाको इन्सेक पोखरा, नेपाल पत्रकार महासंघ, राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार तथा शान्ति समाज, काहुराष्ट, फोसाड, प्रेस चौतारी, प्रेस युनियन, क्रान्तिकारी पत्रकार संघ, जवाफदेहिता निगरानी समिति लुम्बिनी, एड्भोकेसी फोरम, सिर्जनशील समाज, रेडियो मुक्ति लगायतले प्रेस विज्ञप्ति प्रकाशित गरी विरोध जनाए।

ब्राम्हण, क्षेत्री, दशनामी, ठकुरी, दलित लगायतको संयुक्त सङ्घर्ष समितिले ०६८ वैशाख २८ गते आह्वान गरेको नेपाल बन्दको क्रममा बन्दको अवज्ञा गरेको भन्दै शंकरनगर गाविस-३ का ३८ वर्षीय पत्रकार दिनेश पाण्डेलाई बुटवल नपा-१२ राजमार्ग चौराहामा कुटपिट र दुर्व्यवहार गरे। समितिका कार्यकर्ताहरूले उनलाई समाचार लेखे जे पनि हुने भन्दै धम्की दिएको पीडित पाण्डेले बताए। घटनाको बारेमा सङ्घर्ष समितिका कार्यकर्ता र पत्रकार महासंघवीच सोही दिन भएको छलफलमा दोषीले गल्ती नदोहोऱ्याउने भन्दै माफी मागेपछि समझदारी भयो। बन्दका क्रममा कान्तिपुर, नागरिक र राजधानी पत्रिका बोकेका सवारी साधनलाई पनि बन्द कर्ताले अवरोध पुऱ्याएका थिए।



*आदिवासी जनजाति महासंघ संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको नेपाल बन्दको क्रममा आन्दोलनकारीले प्रहार गरेको ढुङ्गा लागी घाइते भएकी बालिका पुजा गिरी*

आदिवासी जनजाति संयुक्त संघर्ष समितिले ०६९ जेठ ८ गते आह्वान गरेको नेपाल बन्दको क्रममा मधवलिया गाविस-५, निवासी रेडियो लुम्बिनीका कार्यकारी प्रमुख ४६ वर्षीय कृष्ण नेपाललाई

बन्दकर्ताहरूले मधवलियामा कुटपिट र दुर्व्यवहार गरे। उनीहरूले नेपाल चढेको लु६प ८१२१ नंको मोटरसाइकल पनि तोडफोड गरी क्षति पुऱ्याए। प्रहरीले घटनामा संलग्न भएको भन्दै करहिया गाविस-४ निवासी २९ वर्षीय मदन थापालाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपी लागुऔषध कारोबार र कीर्ते जालसाजीमा पनि संलग्न रहेको भन्दै मुद्दा चलाइएको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डिएसपी कृष्णकुमार महतले बताए। आरोपी हाल पुर्पक्षका लागि थुनामा छन्।

आदिवासी जनजाति संयुक्त संघर्ष समितिले ०६९ जेठ ८ गते आह्वान गरेको नेपाल बन्दको क्रममा गंगोलिया गाविस-२ निवासी लुम्बिनी सामुदायिक टेलिभिजनमा कार्यरत पत्रकार २३ वर्षीय भरत प्रधान (एनपी)लाई आदिवासी जनजातिका कार्यकर्ताहरूले ०६९ जेठ ८ गते बुटवल नपा-१२ योगिकुटीमा कुटपिट र दुर्व्यवहार गरे। बन्दकर्ताले बन्द अवज्ञा गरेको भन्दै श्रेष्ठ चढेको लु७प ११४९ नम्बरको मोटरसाइकल समेत तोडफोड गरे।

नेपाल आदिवासी जनजाति महासंघ संघर्ष समितिले आह्वान गरेको नेपाल बन्दको क्रममा बुटवल नपा-८ अमरपथ घर भई आनन्दवा गाविस-५ मणिग्रामस्थित क्रिमशन अस्पतालका चिकित्सक डाक्टर मनिष विकलाई ०६९ जेठ ७ गते बेलुका आदिवासी जनजातिका कार्यकर्ताले कुटपिट गरे। आन्दोलनकरीले विक चढेको लु५प ३२२५ नम्बरको मोटरसाइकल समेत तोडफोड गरी क्षति पुऱ्याए।

बुटवल नपा-१३, देवीनगर निवासी कान्तिपुर टेलिभिजनमा कार्यरत २४ वर्षीय स्वस्तिक श्रेष्ठ र बुटवल नपा-११, मिलनचोक निवासी कान्तिपुर पब्लिकेशनमा कार्यरत ३० वर्षीया अमृता अनमोल पाण्डेलाई थारुहट प्रदेशको माग गर्दै आन्दोलनरत थरुहट सङ्घर्ष समितिका कार्यकर्ताले ०६९ जेठ १० गते सिद्धार्थनगरपालिका-३, वर्मेलीटोलमा कुटपिट र दुर्व्यवहार गरे। आन्दोलनकारीले श्रेष्ठको लु७प ८५९५ नम्बरको मोटरसाइकल र कान्तिपुर टिभीको क्यामेरा तोडफोड गरे।

करहिया गाविस-७ निवासी लुम्बिनी एफएम रेडियोमा कार्यरत २५ वर्षीय प्रकाश गौतमलाई थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले ०६९ जेठ ११ गते दुधराक्ष गाविस-२ कलौनीमा कुटपिट र दुर्व्यवहार गरे। आन्दोलनकारीले गौतम चढेको लु ३ प ७९६३ नम्बरको मोटरसाईकल समेत तोडफोड गरे।

बुटवल नपा-६, लक्ष्मीनगरका ५५ वर्षीय प्रेमप्रसाद शर्मालाई नम्बर नखुलेको भारतीय नम्बर प्लेटको मोटरसाइकलमा गएका थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले ०६९ जेठ १० गते पडसरी गाविस-५ ठुटिपिपलमा लु१ख ५३३८ नम्बरको मालबाहक ट्रक चलाइरहेका बेला रोकेर जबरजस्ती आगजनीको प्रयास गर्नुका साथै कारबाहीको धम्की दिए। बन्दकर्ताले ट्रकबाट झर्न नदिई एक्कासी पेट्रोल छर्केर आगजनी गरेपछि शर्माको घाँटी, छाती, हात र खुट्टा चोट लाग्यो। पीडितको भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा उपचार भयो।

### अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)**

**कपिलबस्तु**

बृहत मधेशी मोर्चाले आह्वान गरेको अनिश्चित्कालीन तराई बन्दको क्रममा ०६९ जेठ ९ गते बहादुरगञ्ज गाविसमा जीप व्यवसायी र आन्दोलनकारी बीच झडप भयो। मोर्चाले जेठ ५ गतेदेखि आह्वान गरेको बन्दले जनजीवन कष्टकर भएको भन्दै जीप व्यवसायीहरूले जीप सञ्चालन गरेको र आन्दोलनकारी बन्दको अवज्ञा गरेको भन्दै जीप रोकी तोडफोड गर्न खोज्दा झडप भएको हो। झडपमा कृष्णनगर गाविस-२ निवासी जीप व्यवसायी समितिका अध्यक्ष ५० वर्षीय जादेवआलम खाँ, सदस्य कलिम मुसलमान, अति मुसलमान र राकेश बढई घाइते भए भने आन्दोलनकारीतर्फ मधेशी मुक्तिमोर्चाका सदस्यहरू बरुण सिंह र सोमनाथ पाण्डे घाइते भए। उनीहरूको बहादुरगञ्ज गाविसस्थित शिवराज अस्पतालमा उपचार भयो।

**नवलपरासी**

थारुवान संयुक्त संघर्ष समितिले घाइते कार्यकर्ताको उपचार, क्षतिपूर्तिका माग गर्दै ०६९ जेठ १ गते आह्वान गरेको बन्दको क्रममा यात्रु र बन्दकर्तावीच झडप हुन थालेपछि प्रहरीले लाठीचार्ज र अश्रु ग्याँस प्रहार गरे। लाठीचार्जबाट जमुनिया गाविस-८ का २४ वर्षीय मोहन चौधरी, माकर गाविस-९ का ३० वर्षीय





*ब्राम्हण, क्षेत्री लगायतका संयुक्त सङ्घर्ष समितिले निकालेको मसाल जुलुसमा प्रहरीको लाठीचार्जबाट घाइते भएकी सूर्य भण्डारी र मोहन गौतम*

डिल्लीराम चौधरी, सोही ठाउँका २१ वर्षीय गौरीशंकर चौधरी, १८ वर्षीय हिमाल चौधरी, सोही गाविस-६ का २५ वर्षीय दिनेश चौधरी, ऋषिराम चौधरी, ५५ वर्षीय केदार चौधरी, सोही गाविस-४ का २२ वर्षीय चित्रबहादुर थापामगर, सोही गाविस-५ का ३२ वर्षीय अर्जुन मसुहर, १९ वर्षीय विनोद मुसहर, शम्भु चौधरी, नरसिङ चौधरी, सोही गाविस-२ का २४ वर्षीय अमर पुन, दीपेन्द्र चौधरी, रेशम गुरुङ,सोही गाविस-७ का २१ वर्षीय विष्णु थारु, तुलाराम थारु, चन्द्रबहादुर चौधरी, सोही गाविस-९ का अमित चौधरी, दुर्योधन चौधरी, माकर गाविस-३ का धिरेन्द्र थारु, विजय थापा, सोही गाविस-४ का पशुपति चौधरी, सोही गाविस-६ का अरुण चौधरी, बलराम चौधरी, दिनबहादुर चौधरी घाइते भए। उनीहरूको स्थानीय मेडिकलमा उपचार भयो।

संयुक्त थारु सङ्घर्ष समितिले आह्वान गरेको तराई बन्दको क्रममा ०६९ जेठ ३ गते तिलकपुर गाविस-१, ५,६ र रामनगर गाविस-१ भूमहीमा प्रहरी र आन्दोलनकारी वीच झडप भयो। झडपमा प्रहरीको लाठीचार्जबाट पञ्चनगर गाविस-९ गैडाहाका १५ वर्षीय डम्मर चौधरी, सोही ठाउँका १५ वर्षीय भीमनारायण चौधरी, १४ वर्षीय प्रेमलाल चौधरी, १३ वर्षीय युवराज चौधरी, रामनगर गाविस-१ का सुशीला चौधरी घाइते भए। उनीहरूको स्थानीय मेडिकल र जिल्ला अस्पतालमा उपचार भयो। त्यसैगरी आन्दोलनकारीको रड, लाठी, ढुङ्गा प्रहारबाट प्रहरी इन्स्पेक्टर खड्कबहादुर खत्री, प्रहरी हवल्दार द्वय सुजन खरेल, टेकबहादुर क्षेत्री, प्रहरी जवान रामु लामिछाने, सुदीप सिंह, तिलक बस्याल घाइते भए। घाइते प्रहरीहरू मध्ये हवल्दार टेकबहादुर क्षेत्री र जवान रामु लामिछानेको भैरहवा मेडिकल कलेजपछि काठमाडौंमा उपचार भयो भने अन्यको जिल्ला अस्पतालमा उपचार भयो।

**कास्की**

एनेकपा माओवादीको नेतृत्व र सरकारले माओवादी लडाकुलाई ०६८ चैत २८ गते नेपाली सेनामा मातहतमा ल्याएको विरोधमा एनेकपा माओवादी निकट वैद्य समूहका कार्यकर्ताले ०६८ चैत २९ गते पोखरामा चक्काजाम गर्ने क्रममा प्रहरीले वैद्य समूहका केन्द्रीय सदस्य तथा सभासद रामनाथ ढकाल, केन्द्रीय सदस्य तथा सह-इन्चार्ज श्रीनाथ अधिकारी, तमुवान राज्य समितिका सदस्य द्वय कृष्ण वाग्ले रूपेश, नरबहादुर पुनलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा दुई घण्टापछि रिहा भए।

संविधान जारी नभएसम्म सभासदलाई जिल्ला प्रवेशमा निषेधको घोषणा गरेका जनआन्दोलन शहिद परिवार तथा घाइते समन्वय समितिका पदाधिकारीहरूलाई ०६९ वैशाख ८ गते बिहान १० बजे पोखरा विमानस्थल गेटबाट प्रहरीले गिरफ्तार गऱ्यो। बागलुङ जिल्ला नारायणस्थान गाविस-७ पुर्ख्यौली घर भई पोखरा उमनपा-१० रामबजार निवासी समितिका अध्यक्ष ३७ वर्षीय ढाकाराम पौडेल, पोखरा उमनपा-८ शिवालयचोकको ४२ वर्षीया विष्णुकुमारी भट्टराई, पुरन्चौर गाविस-९ का २५ वर्षीय शेखर गौतम, कास्कीकोट गाविस-९ का ३० वर्षीय नारायण सुवेदी र लेखनाथ नपा-१२ गगनगौंडाका ५५ वर्षीय शंकरपैसाद पौडेल, लेखनाथ नपा-३ बुढीबजारकी ५३ वर्षीया उमादेवी बास्तोलालाई गिरफ्तार गरिएको हो। अनेमसंघको सम्मेलनमा सहभागी हुन आएका नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल लगायतका नेता तथा सभासदहरूलाई जिल्ला प्रवेशमा रोक लगाउने क्रममा गिरफ्तार भएका हुन। उनीहरू सोही दिन इन्सेक पोखराको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

नयाँ बन्ने संविधानमा मुस्लिम समुदायको हक, अधिकार सुनिश्चित हुनु पर्ने माग गर्दै प्रदर्शनमा उत्रिउका मुस्लिम समुदायका कार्यकर्तालाई ०६९ वैशाख ५ गते प्रहरीले पोखरा उमनपा-१३ बाट गिरफ्तार गऱ्यो। पोखरा उमनपा-१३ मियापाटनका ४५ वर्षीय सराफत अली, सोही ठाउँका ३५ वर्षीय सलाउद्दिन अली, सकुरुद्दिन अली, ३५ वर्षीया आशिक अली, र ३७ वर्षीय अकबर अलीलाई प्रहरीले माथिको आदेश भन्दै गिरफ्तार गरेकोमा सोही दिन साँझ रिहा भए।

## बालअधिकार

**तनहुँ**

ढोरफिर्दी गाविस-२ पौवाकी १२ वर्षीया बालिका सुस्मिता गाहामगरले आफुलाई बाबुआमाले यातना दिएको भन्दै ०६९ जेठ ११ गते जिल्ला बालकल्याण समितिमा निवेदन दिइन्। बाबुआमाले आफुलाई दुई बर्ष अघिदेखि यातना खाना लाउन नदिएको र यातना दिएको उनले बताइन्। निवेदनपछि बालकल्याण समितिले ढोरफिर्दी गाविसस्थित समता बाल क्लवको सहयोगमा बालिकाको सोही दिन उद्धार गऱ्यो। बालिका हाल जिल्ला बाल कल्याण समितिको संरक्षकत्वमा छिन्। जिल्ला बालकल्याण समितिले जेठ ११ गते बालिकालाई यातना दिने सौतेनी आमा देवी गाहामगरलाई इलाका प्रहरी कार्यालय बेलचौतारामा झिकाई छलफल गर्दा ३ लाख रूपियाँ जरिवाना गर्ने निर्णय भयो। उक्त रकम बालिकाको नाममा बैंकमा खाता खोली जम्मा गर्ने निर्णय भयो।

**कास्की**

स्याङजा जिल्ला मालुङ्गा गाविस-३ की १७ वर्षीया बालिकालाई सोही जिल्ला कुवाकोट गाविस-८ का २८ वर्षीय भुवनप्रसाद कोइराला र दार्सिङ दहथुम गाविस-१ घर भई पोखरा उमनपा-१६ खरपानी बस्ने ३२ वर्षीय प्रेमबहादुर गुरुङले फकाई-फुलाई पोखरा उमनपा-९ पृथ्वीचोकस्थित एक होटलमा लगी ०६८ चैत २४ गते सामुहिक रूपमा जबरजस्तीकरणी गरे। पीडितका आफन्तले ०६८ चैत २५ गते जिल्ला प्रहरी कार्यालयमा घटनाको बारेमा उजुरी दिएको प्रहरीले पीडकद्वयलाई चैत २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत कास्कीको आदेशमा पीडकद्वय ०६९ वैशाख २५ गते पुर्पक्षका लागि थुनामा छन।

तनहुँ जिल्ला स्याम्घा गाविस-६ पुर्ख्यौली घर भइ पोखरा उमनपा-६ जिरो किमी बस्ने आठ महिनाकी बालिका आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले ०६९ जेठ ८ गते आह्वान गरेको

नेपाल बन्दको क्रममा आन्दोलनकारीले पोखराको जिरोकिमीमा रहेको अखण्ड नेपाल पश्चिमाञ्चल लेखिएको बोर्ड तोडफोड गर्दा प्रहार गरेको ढुङ्गा लागेर घाइते भइन्। छिमेकी संगीता श्रेष्ठको काखमा शितलमा बसिरहेको बेला उनको टाउकोमा ढुङ्गा लागेको थियो। उनको सिर्जनाचोकस्थित मेट्रोसिटी अस्पताल र पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

पाल्पा

पीपलडाँडा गाविस-७ की १४ वर्षीया बालिकालाई पोखराथोक गाविस-५ निवासी नेपाली सेनामा कार्यरत २२ वर्षीय अर्जुन दमाई कोइरालाले ०६९ जेठ १ गते ललाईफकाई ताहुँ गाविसको एक होटलमा लगी जबरजस्तीकरणी गरेको भन्दै पीडितले जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले पीडकलाई जाहेरी दिएकै दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६९ जेठ ४ गतेको आदेशमा हिरासतमा राखी अनुसन्धान जारी राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

तानसेन नपा-१ गैरागाउँकी १४ वर्षीया बालिकालाई सोही ठाउँका २० वर्षीय मुस्कान भन्ने सन्तोष नेपालीले घरमा एक्लै भएको अवस्थामा ०६९ जेठ १२ गते जबरजस्तीकरणी गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले पीडक नेपालीलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

गुल्मी

धुर्कोट रजस्थल गाविस-६ लाँहाटाकी सात वर्षीया बालिकालाई सोही ठाउँका ४२ वर्षीय चन्द्रबहादुर विकले ०६९ वैशाख ११ गते काफल खान जाउँ भन्दै खोलाचौपारी जङ्गलमा लगेर बलात्कार गरे। पीडितकी आमा सरस्वती भण्डारीले घटनाको बारेमा ०६९ वैशाख १४ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएकोमा पीडक विकलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। अनुसन्धानपछि जिल्ला अदालत पेश गरेकोमा जिल्ला अदालतका न्यायाधीश कृष्णराम कोइरालाको ०६९ वैशाख ३१ गतेको आदेशमा उनी साधारण तारेखमा रिहा भए।

**कपिलवस्तु**

गोटीहवा गाविस-७ बमनीकी १४ वर्षीया बालिकालाई सोही ठाउँका ४५ वर्षीय फुलचन्द्र चौधरीले पटक-पटक यौन शोषण गरी गर्भ रहेको र गर्भपतन गराएको भन्दै पीडितले ०६९ जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिका उनको घरमा चार/पाँच महिनाअघिदेखि काम गर्न जाने क्रममा पीडकले डर, धम्की र प्रलोभन देखाउदै यौनशोषण गरेको पीडितले बताइन्। यौनशोषणपछि तीन महिनाको गर्भ रहेको र पीडकले ०६९ वैशाख ३१ गते गर्भपतन गर्ने औषधी खुलाएकोमा रक्तश्राव भएपछि पीडत बालिकाको भारतको नौगढमा उपचार गरिएको थियो। घटनापछि प्रहरीले पीडक चौधरीलाई प्रहरी चौकी मर्जादपुरमा बोलाई औषधी खर्चबापत् १४ हजार भारु. तिर्न लगाएका थिए। तर पीडकमाथि कुनै कारबाही नभएको भन्दै दलित अधिकारकर्मीहरूको पहलमा मानवअधिकारकर्मी, महिला अधिकारकर्मीहरूले ०६९ जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा गइ पीडकलाई कारवाही गर्न आग्रह गरे।

**नवलपरासी**

मुकुन्दपुर गाविस-३ भेडाबारीकी १३ वर्षीया बालिकालाई सोही ठाउँका २४ वर्षीय मानबहादुर थारुले सोही ठाउँस्थित खेतमा ०६९ वैशाख ६ गते बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख ७ गते इलाका प्रहरी कार्यालय गैंडाकोटमा उजुरी दिए। प्रहरीले पीडक थारूलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेकोमा जिल्ला अदालतको आदेशमा ०६९ जेठ १ गते पुर्पक्षको लागि थुनामा छन्।

**लम्जुङ**

गाउँशहर गाविस-९ की १५ वर्षीया एक बालिकालाई सोही ठाउँका ६४ वर्षीय मिनबहादुर गुरुङले ०६९ वैशाख १० गते घरमा एक्लै भएको बेला बलात्कार गरे। पीडितका आफन्तले घटनको बारेमा जिल्ला प्रहरी कार्यालयमा वैशाख १४ गते उजुरी दिएकोमा प्रहरीले पीडक गुरुङलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ जेठ ५ गतेको आदेशमा पीडक गुरुङ पुर्पक्षका लागि थुनामा छन्।

**रूपन्देही**

मधवलिया गाविस-४, कोटिहास्थित अविनाश अनाथ आश्रममा रहेका ११ देखि १६ वर्ष उमेरका सात जना बालिकालाई ०६९ जेठ २० गते सोही आश्रमका व्यवस्थापक सिद्धार्थनगर नपा-४ भैरहवाका २९ वर्षीय आशिष थापाले बलात्कार र यौन दुर्व्यवहार गरे। पीडित बालिकाहरूले सहयोगी मार्फत् ईलाका प्रहरी कार्यालय बुटवलमा जेठ २१ गते उजुरी गरेकोमा प्रहरीले थापालाई जेठ ३० गते भैरहवाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ असार २२ गतेको आदेशमा आरोपी पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

देवदह गाविस-३, भुलहीकी १३ वर्षीया सुस्त मनस्थिति भएकी बालिकालाई बर्दिया जिल्ला ताराताल गाविस-६, घर भइ देवदह गाविस-३, मामाघरमा गएका २१ वर्षीय शिव विकले ०६९ जेठ २९ गते बलात्कार प्रयास गरे। पीडितले आफन्तको सहयोगमा सोही दिन इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी गरेकोमा प्रहरीले आरोपीलाई ०६९ असार ४ गते गिरफ्तार गरी अनुसन्धान जारी राखेको छ।

बुटवल नपा-७, संगमपथकी १४ वर्षीया एक बालिकालाई सोही ठाउँका २८ वर्षीय सन्तोष परियारले ०६९ जेठ २८ गते बालिकाको घरमै बलात्कार प्रयास गरे। पीडितका आफन्तले जेठ २९ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी गरेकोमा प्रहरीले पीडकलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९

असार २२ गतेको आदेशमा ओरोपी पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

सालझण्डी गाविस-४ की १७ वर्षीया एक बालिकालाई सोही ठाउँ निवासी १८ वर्षीय राजेन्द्र थापाले ०६९ वैशाख ३० गते घरनजिकै बलात्कार प्रयास गरे। पीडितले इलाका प्रहरी कार्यालयमा सोही दिन उजुरी गरेपछि पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०६९ जेठ २६ गतेको आदेशमा आरोपी पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

## महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**तनहुँ**

नवलपरासी जिल्ला डेढगाउँ घर भइ ढोरफिर्दी गाविस-७ सितलवस्तीस्थित माइतीघरमा बस्दै आएकी सुस्तमनस्थिति भएकी ४० वर्षीया महिलालाई सोही ठाउँका दलबहादुर राना र गोर्खाली भन्ने रने मगरले ०६९ जेठ ७ गते राति पीडितको घरमा बलात्कार गरे। पीडकहरूले पीडितको माईतीघरमा आएर पीडितको आमालाई रक्सी खुवाएर भुलाई ओछ्यानबाट उठाएर नजिकैको बाख्राको खोरमा लगी बलात्कार गरेर भागेका थिए। पीडित पक्षले ०६९ जेठ ११ गते पीडकद्वयलाई कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालयमा जाहेरी दिएकोमा प्रहरीले उनीहरूलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेको छ।

पुर्कोट गाविस-६ बगालेफाँटकी ३० वर्षीया जमुना परियारलाई इलाका प्रहरी कार्यालय पुर्कोटका असई चेतबहादुर नेपालीले ०६८ चैत २९ गते कुटपिट गरे। सासु, ससुरा र नन्दको विरुद्ध जिल्ला प्रहरी कार्यालयमा दायर गरेको मुद्दा फिर्ता लिन दबाब दिँदै असई नेपालीले इलाका प्रहरी कार्यालयभित्रै कुटपिट गरेको र मोबाइल समेत नियन्त्रण लिएको पीडितले बताईन्। इन्सेक प्रतिनिधिको पहलमा नेपालीले मोबाईल फिर्ता गरेका थिए। असई नेपालीले जमुनालाई कुटपिट नगरेको भन्दै गाउँलेहरूको आग्रहमा सामान्य सोधपुछ मात्र गरेको बताए।

**गोरखा**

खोप्लाङ गाविस-३ आचार्य गाउँकी ३५ वर्षीया मीना कोइरालाको सोही गाविस-२ का ४५ वर्षीय सोमबहादुर गैरेले ०६८ चैत २५ गते खुकुरी प्रहार गरी हत्या गरे। बारीमा मकै गोरुले खाएको निहुँमा पीडक गैरेले खुकुरी प्रहार गरेका थिए। पीडक गैरेलाई चैत २६ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान जारी राखेको छ।

**स्याङजा**

जगतभञ्ज्याङ गाविस-२ की २४ वर्षीया श्याममाया गुरुङले पति २७ वर्षीय नरेन्द्र गुरुङले बहुविवाह गरेको भन्दै ०६९ जेठ ७ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिइन्। उनका पतिले पेल्काचौर गाविस-३ की २० वर्षीया संग्रीला गुरुङसँग ०६९ वैशाख २४ गते दोस्रो विवाह गरेका थिए। प्रहरीले अभियुक्त गुरुङलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेको छ। पीडितले आफू र छोराछोरीलाई समेत दुई बर्ष अघिदेखि असहयोग र बेवास्ता गरेको बताईन्।

**कास्की**

स्याङ्जा जिल्ला फेदीखोला गाविस-३ घर भई पोखरा उमनपा-५ मालेपाटन बस्ने ३४ वर्षीय मिनबहादुर विकले निर्मलपोखरी गाविसकी २१ वर्षीया अनिता विकसँग ०६८ चैत १९ गते दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी ३० वर्षीया डिलमाया विकले ०६९ चैत २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले पीडक विकलाई चैत २१ गते गिरफ्तार गरी जिल्ला अदालत पेश गरेकोमा जिल्ला अदालतको ०६९ वैशाख २१ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन।

स्याङजा जिल्ला फेदीखोला गाविस-३ घर भई पोखरा उमनपा-५ मालेपाटन बस्ने ३४ वर्षीय मिनबहादुर विकले निर्मलपोखरी गाविसकी २१ वर्षीया अनिता विकसँग ०६८ चैत १९ गते दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी ३० वर्षीया डिलमाया विकले ०६९ चैत २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले पीडक विकलाई चैत २१ गते गिरफ्तार गरी जिल्ला अदालत पेश गरेकोमा जिल्ला अदालतको ०६९ वैशाख २१ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन।

पुम्दीभुम्दी गाविस-२ बडारे घर भइ पोखरा उमनपा-६ बैदाम बस्ने नवराज भन्ने ३३ वर्षीय प्रेमनारायण बरालले ०६९ वैशाख १ गते सोही ठाउँका २१ वर्षीया शान्ति पौडेलसँग दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी ३३ वर्षीया गीता बरालले वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडक बराललाई प्रहरीले वैशाख १८ गते गिरफ्तार गरी अनुसन्धान जारी राखेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रबीन्द्र पौडेलले बताए।

**पर्वत**

पकुवा गाविस-१ की २० वर्षीया महिलालाई सोही गाविस-९ स्थित चिलाउनेचौतारा नजिकै जङ्गलको बाटो हुँदै घरतर्फ जादै गर्दा ०६९ जेठ २३ गते सोही गाविस-९ का २१ वर्षीय कमल परियारले जबरजस्तीकरणी प्रयास गरे। पीडक परियारले एकान्त ठाउँमा समात्दा चिउँडो र मुखमा चिथोरेको अवस्थामा पीडित हारगुहार गरी भाग्न सफल भएकी थिईन्। हारगुहार गरेपछि नजिकैका गाउँलेहरू आएर पीडक परियारलाई नियन्त्रणमा लिई सोही दिन प्रहरीलाई बुझाएका थिए। जिल्ला प्रहरी कार्यालयले पीडक विरुद्ध बलात्कार उद्योगको मुद्दा दायर गरी अदालत पेश गरेकोमा जिल्ला अदालतको आदेशमा ०६९ जेठ १० गते पुर्पक्षका लागि थुनामा छन ।

**म्याग्दी**

धतान गाविस-५ नेप्टेचौरका ३३ वर्षीय रामबहादुर सुनारले

तनहुँ जिल्ला दुलेगौंडा गाविसकी सीता विकसँग ०६८ चैत २५ गते दोस्रो विवाह गरे। जेठी पत्नी सुनकुमारी सुनारले दुई छोरा र एक छोरी हुँदा-हुँदै पतिले दोस्रो विवाह गरेको भन्दै ०६८ चैत २९ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाह विरुद्ध उजुरी दिइन्। प्रहरीले पीडक सुनारलाई ०६८ चैत ३० गते गिरफ्तार गरी अनुसन्धान जारी राखेको जिल्ला प्रहरी कार्यालय इन्स्पेक्टर प्रेम थापाले बताए।

**पाल्पा**

बरांदी गाविस-२ की २८ वर्षीया महिलालाई यम्घा गाविस-९ का ३४ वर्षीय दिननाथ बस्यालले ०६९ वैशाख २३ गते जबरजस्तीकरणी प्रयास गरे। जबरजस्ती गर्न खोज्दा पीडित चिच्याएपछि छिमेकी आएर पीडकलाई नियन्त्रणमा लिई सोही दिन प्रहरीलाई बुझाए। पीडितले घटनाको बारेमा वैशाख २३ गते इन्सेक प्रतिनिधिलाई निवेदन दिएकोमा जिल्ला प्रतिनिधिले कानुनी उपचारको लागि जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्न सुझाव दिएपछि उनले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। जिल्ला अदालतका न्यायधीश हरिश्चन्द्र ढुङ्गानाको ०६९ वैशाख ३० गतेको आदेशमा पीडक बस्याल ५० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

बन्दीपोखरा गाविस-१ सेतीपोखरीकी ६६ वर्षीया महिलालाई सोही ठाउँका देवर ५० वर्षीय सीताराम रावलले घरमा झगडा गरेको आरोपमा ०६९ वैशाख १२ गते अपशब्द प्रयोग गरी कुटपिट र लछार-पछार गरे। पीडितले घटनाको बारेमा जिल्ला प्रहरी कार्यालयमा वैशाख १३ गते उजुरी दिएकोमा पीडक रावललाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राख्यो। जिल्ला अदालतको जेठ ५ गतेको आदेशमा पीडकलाई ३ हजार रुपियाँ धरौटी सहित तारेखमा रिहा गऱ्यो।

पोखराथोक गाविस-८ की २२ वर्षीया चन्द्रकला रोकालाई सोही ठाउँका जेठाजु ३० वर्षीय सन्तबहादुर रोकाले मिटर बक्सबाट विद्युतको लाईन काटेको आरोपमा ०६९ असार १८ गते कोदालोले टाउकोमा प्रहार गरी घाइते बनाए। पीडितलाई छिमेकीको सहयोगमा जिल्ला अस्पतालमा पुऱ्याइ उपचार गरियो। पीडितको आफन्तको घटनाको बारेमा सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा पीडक रोकालाई जेठ १९ गते पुर्पक्षका लागि थुनामा पठायो।

**अर्घाखाँची**

अर्घा गाविस-२ गैराकी २८ वर्षीया मायाँ नेपालीलाई उनका अमाजुहरू बाँके जिल्ला नेपालगञ्ज निवासी २९ वर्षीया पार्वता नेपाली, खिल्जी गाविस-४ निवासी ३२ वर्षीया कमला नेपालीले ०६९ जेठ १८ गते कुटपिट गरी घाइते बनाए। घरमा अंशवण्डाको कुराकानी चलिरहेको अवस्थामा माइतमा आएकी उनीहरूले अंशवण्डाको कुरा गर्ने भन्दै आफुलाई कुटपिट गरेको पीडितले बताईन्। पीडितले जेठ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा जेठ २० गते पीडकहरूलाई गिरफ्तार गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

**कपिलवस्तु**

हरनापुर गाविस-५ का ४० वर्षीय अनवर अलिले भारतको सिद्धार्थनगरबाट दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी ३० वर्षीया रसिद्दुन खातुनले ०६९ जेठ १८ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। इन्सेक प्रतिनिधि, पारालिगल, र महिला पैरवी मञ्चको सहयोगमा उनले घरमा पत्नी र दुई छोराहरू हुँदा-हुँदै दोस्रो विवाह गरी खान, बस्न नदिने र कुटपिट गरेकोले शान्ति सुरक्षा र कारबाहीको माग गर्दै उनले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएकी हुन्। उजुरीपछि जिल्ला प्रशासन कार्यालयले पीडक अलिलाई जेठ १९ गते प्रशासन कार्यालयमा बोलाई पीडित जेठी पत्नीलाई सात दिनभित्र नागरिकता बनाई दिने, बस्न र खानाको व्यवस्था मिलाउने शर्तमा सोही दिन तारेखमा रिहा गऱ्यो।

**नवलपरासी**

त्रिवेणीसुस्ता गाविस-६ रानीनगरकी ३१ वर्षीया ज्ञानीमाया श्रेष्ठलाई कुडिया गाविस-५ गुदरियाका २६ वर्षीय बसन्त गुरौले ०६९ जेठ १६ गते घाँटी थिचेर हत्या गरे। पीडितको लाश सोही गाविस-७ स्थित त्रिवेणी नदीमा तौरिएको अवस्थामा प्रहरीले जेठ १७ गते निकाली जिल्ला अस्पतालमा पोष्टमार्टम गरियो। घटनाको विरोधमा पीडितका आफन्तले जेठ १७ गते इलाका प्रहरी कार्यालय बेलाटारीमा उजुरी दिएकोमा पीडकलाई जेठ २३ गते भारतको बगाहा भन्ने स्थानबाट प्रहरीले गिरफ्तार गरी अनुसन्धान जारी राखेको छ।

नारायणी गाविस-९ बाघखोरका ४७ वर्षीय मणिप्रसाद भट्टराईलाई पत्नी ३६ वर्षीया विन्दु भट्टराईले घरायसी विवादका क्रममा ०६९ वैशाख १९ गते लाठी प्रहार गरी हत्या गरिन्। पीडितका आफन्तले वैशाख २९ गते इलाका प्रहरी कार्यालय कावासोतीमा उजुरी दिएकोमा प्रहरीले घटनामा संलग्न विन्दु भट्टराईलाई गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धानपछि जिल्ला अदालत पेश गरेकोमा जिल्ला अदालतको आदेशमा ०६९ जेठ १७ गते पीडकलाई पुर्पक्षका लागि थुनामा पठायो।

दाउन्नेदेवी गाविस-४ धर्मवस्तीकी ७३ वर्षीया बृद्धलाई सोही ठाउँका ६० वर्षीय इन्द्रबहादुर गाहामगरले ०६९ जेठ २९ गते राति बलात्कार गरे। पीडितका आफन्तले पीडकलाई कारबाही गर्न माग गर्दै जेठ ३० गते इलाका प्रहरी कार्यालय सेमरीमा उजुरी दिएकोमा पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेको छ।

## आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार

**गोरखा**

गोरखा नपा-७ अहालेस्थित सरस्वती उच्च मावमा एनेकमा

माओवादी मोहन वैद्य समूह निकट अनेरास्वविवि क्रान्तिकारीका विद्यार्थीहरूले ०६९ जेठ १ गते आगजनी गरी क्षति पुऱ्याए। अनेरास्वविवि क्रान्तिकारी विजय आले र शंकर नेपाली सहितको समूहले बिद्यालयका सोफा, फर्निचर र कागजपत्रमा पेट्रोल छर्केर आगजनी गरेका थिए। आगजनीबाट करीव ७५ हजार रूपियाँको क्षति भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण खत्रीले बताए। आजजनीका कारण दुई दिन विद्यालय बन्द समेत भएको थियो।

**नवलपरासी**

अर्ग्यौली गाविस-९ डण्डामा रहेको राष्ट्रिय थारु संग्रहालयमा ब्राम्हण, क्षेत्री, दशनामीका कार्यकर्ताहरूले ०६९ वैशाख २६ गते तोडफोड र आगजनी गरे। उनीहरूले पार्किङ गरी राखिएका ना१६प ८६१० नम्बरको स्कूटरमा आगजनी र तीन वटा मोटरसाइकलमा तोडफोड गरे। संयुक्त थारु सङ्घर्ष समितिले तराइका २२ वटा जिल्ला बन्दको आह्वान गरेको र उक्त दिन ब्राम्हण, क्षेत्री, ठकुरी, दशनामी लगायतको बुटवलमा जनप्रदर्शन कार्यक्रममा जाने क्रममा थारु सङ्घर्ष समितिका कार्यकर्ताले तोडफोड गरेपछि आक्रोशित ब्राम्हण क्षेत्री, दशनामीका कार्यकर्ताहरूले थारु संग्रहालयमा आगजनी र तोडफोड गरेका हुन्।

ब्राम्हण, क्षेत्री, ठकुरी, दशनामी, दलित लगायतको संयुक्त सङ्घर्ष समितिले पहिचान र आदिवासीमा सूचिकृत गर्न माग गर्दै ०६९ वैशाख २८, २९, ३० गते आह्वान गरेको नेपाल बन्दको क्रममा बन्दको अवज्ञा गरेको भन्दै वैशाख ३० गते पञ्चनगर गाविस-२ भुताहामा लु१च ३६३० नम्बरको एम्बुलेन्स, ना३ख २४५४ ट्रकमा तोडफोड गरे भने लु१ख १९९१ नम्बरको पराल बोकेको ट्रकमा आगजनी गरे।

मधेशी जनअधिकार फोरम नेपालले ०६९ वैशाख ३१ गते आह्वान गरेको नेपाल बन्दको क्रममा तिलकपुर गाविस-५ बासाबसई भन्ने ठाउँमा बन्दको अवज्ञा गरेको भन्दै आन्दोलनककारीहरूले लु१ख ५८८५ नम्बरको ट्रक, लु१च ४०७३ नम्बरको फलफूल बोकेको मिनिट्रक र ना४प १९६१ नम्बरको ट्रकमा तोडफोड गरी क्षति पुऱ्याए।

थारु संयुक्त सङ्घर्ष समितिले जातीय पहिचान सहितको थरुहट राज्यको माग गर्दै ०६९ जेठ १ गते देखि ७ गतेसम्म आह्वान गरेको तराई बन्दको क्रममा बन्द अवज्ञा गरेको भन्दै जेठ १ गते तिलकपुर गाविस-१ तुलसीनगरमा बा१घ ३८ नम्बरको दुध बोकेको ट्याङकर, युपी ३२ वीयु१०११ को जीप र लु१प ३००६ नम्बरको देवदह मेडिकल कलेजको एम्बुलेन्स तोडफोड गरी क्षति पुऱ्याए। त्यसैगरी बन्द आह्वानकर्ताहरूले ०६९ जेठ २ गते बन्दको अवज्ञा गरेको भन्दै ना३ख ९८२,ना३ख ५८९०, ना३ख ४२६३,लु१ख६२९७, लु१ख ४७१२,लु१ख ६०५०,ना४ख २३९८,ना४ख ४६००,ना४ख५८६७ नम्बरको गाडि र भारतीय एपी०७एचडब्लु १५५७ ,एमएच१५सीके९१७९ नम्बरको गाडी तिलकपुर गाविस- १, २, ५ र ६ मा तोडफोड गरी क्षति पुऱ्याए।

त्यसैगरी थारू संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले बन्दको अवज्ञा गरेको भन्दै बा४ख ५१९५ नम्बरको मोरङ जिल्लास्थित सुखना बहुमुखी क्याम्पसको बस,ना४ख ३२११,ना३ख३१२९ नम्बरको ट्रकमा आगजनी गरी क्षति पुऱ्याए। त्यसैगरी थारु सङ्घर्ष समितिले आह्वान गरेको बन्दको क्रममा आन्दोलनकारीहरूले ०६९ जेठ ४ गते तिलकपुर गाविस-६ बासामा रहेको प्रहरी प्रहरी विटमा आगजनी गरी क्षति पुऱ्याए। बन्दको अवज्ञा गरेको भन्दै उनीहरूले लु६प२८५३ नम्बरको मोटरसाइकल भुमही गाविसमा, से२प६७४० नम्बरको मोटरसाइकल तिलकपुर गाविस-६ मा, माकर गाविस-२ मा बा८च५६६२ नम्बरको एम्बुलेन्स, लु११प९१६१ को मोटरसाइकल माकर गाविस-६ मा आगजनी र पश्चिम गण्डक सिंचाइका बा१ब८३३२र बा१ख४४४६ नम्बरको मोटरसाइकलमा तोडफोड गरी क्षति पुऱ्याए। थारू सङ्घर्ष समितिको आह्वान भए भएको तराई बन्दको क्रममा ०६९ जेठ ७ गते तिलकपुर गाविस-५ मा ना४ख ४८४३ नम्बरको ह्वाईट सिमेन्टको ट्र, ना१ख४७११ नम्बरको ट्याङकर,ना३ख ७०६१ नम्बर र ना३ख १७०७ नम्बरको चक्लेट बोकेको ट्रक, ना४ख४६८२ नम्बरको मिनि ट्रक, ना१च ३०३१ नम्बरको भ्यान, भे३प ५८६४ नम्बरको मोटरसाइकलमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याए।

**कपिलवस्तु**

कोपवा गाविस-६ स्थित बागेश्वरी सामुदायिक बनमा झुपडी बनाएर बसेका ३५ वर्षीया बसन्ती थारू, ४० वर्षीय खगेश्वर खनाल, ४१ वर्षीय झविन्द्र बुढाथोकी, ४५ वर्षीय दुर्गाबहादुर नेपाली लगायत ३ सय १६ घरपरिवारका झुपडीमा जिल्ला बन कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्रहरी, सशस्त्र प्रहरी र बनका कर्मचारीको टोलीले ०६८ चैत ३० गते विहान आगजनी गरे। आगजनीबाट सुकुम्बासीका घर पूर्ण रूपमा जल्नुका साथै लत्ता, कपडा र खाद्यान्न समेत जलेको पीडितहरूले बताए। उक्त टोलीले गाँस, बास, कपासको वैकल्पिक व्यवस्था नगरी जबरजस्ती घरटहरामा आगजनी गरेका थिए। आगजनीको विरोधमा उत्रिएका आठ जनालाई प्रहरीले गिरफ्तार समेत गरेको थियो। सामुदायिक बनमा टहरा बनाएर बसेको भन्दै जिल्ला बन कार्यालयमा उजुरी आएपछि बन कार्यालयले पाँच दिनभित्र हट्न सार्वजनिक सूचना जारी गरेकोमा पाँचौ दिनमा हटाएको बन कार्यालयका प्रमुख कृष्णप्रसाद पोखरेलले बताए। घर, टहरामा आगजनी भएपछि करीव ३ सय १६ घरका ४ सय भन्दा बढी बुढाबुढी, केटाकेटी र सर्वसाधारण विचल्लीमा परेका छन्। उनीहरूले राज्यले गाँस, बास, कपासको व्यवस्था गर्नु पर्ने भन्दै मानवअधिकारको हनन् भएको बताए।

# पश्चिम क्षेत्रमा सम्पन्न विविध क्रियाकलापहरू

## पश्चिमाञ्चल क्षेत्रद्वारा सम्पन्न विविध गतिविधिहरू :

## विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षाको अवस्था विषयक गोष्ठी सम्पन्न

कास्की। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको आयोजनामा विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षाको अवस्था र कार्यान्वयन विषयक गोष्ठी ०६९ वैशाख १४ गते पोखरामा सम्पन्न भयो।

कार्यक्रमका सहभागीहरूले विभेदकारी शिक्षा प्रणालीको अन्त्य गरी विद्यालयलाई मानवअधिकारमैत्री बनाउनु पर्नेमा जोड दिए। उनीहरूले विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरी शान्ति क्षेत्रको रूपमा प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला निकायको महत्त्वपूर्ण भूमिका हुने बताए।



*विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षाको अवस्था गोष्ठीका सहभागीहरू*

कार्यक्रममा विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षाको अवस्था र कार्यान्वयन विषयमा अवधारणापत्र प्रस्तुत गर्दै पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशक गोपालकृष्ण पौडेलले पाठ्यक्रम र पाठ्य पुस्तकमा मानवअधिकार शिक्षाको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन हुनु पर्नेमा जोड दिए।

इन्सेक केन्द्रीय कार्यालयका दीपेन्द्र पन्तले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै विद्यालयका पाठ्यक्रम मानवअधिकारमैत्री बनाउनका लागि सरोकारवाला निकायसँग छलफल गरिएको बताए।

जिल्ला शिक्षा अधिकारी चन्द्रकान्त भुसालले दलितभित्रको ब्राम्हण र ब्राम्हणभित्रको दलितलाई हेर्ने शिक्षा नीति हुनु पर्नेमा जोड दिदै मानवअधिकारमैत्री वातावरणको लागि सबैले इमान्दारीपूर्वक काम गर्नु पर्ने बताए।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय संयोजक शिव खकुरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न शिक्षक संघ-संगठनका प्रतिनिधि, विभिन्न राजनीतिक दलका विद्यार्थी संगठनका प्रतिनिधि, शिक्षक, शिक्षिका, अधिकारकर्मी लगायतका ४१ जनाको सहभागीता रहेको थियो।

## मानवअधिकार अनुगमन तथा अभिलेखीकरण तालिम सम्पन्न

कास्की। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको आयोजना र एशिया फाउण्डेशनको सहयोगमा मानवअधिकार अनुगमन तथा अभिलेखीकरण सम्बन्धी तीन दिने तालिम जेठ २५ गते सम्पन्न भयो।

तालिममा मानवअधिकार, न्याय, कानुनी शासन र नागरिक तथा राजनीतिक अधिकार, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार, यातना विरुद्धको महासन्धी, इन्सेक अनलाइन समाचार र अन्य समाचारमा भिन्नता र लेखन शैली, नेपाल मानवअधिकार वर्ष पुस्तक निर्देशिका, जातीय भेदभाव विरुद्धको महासन्धी, महिला अधिकार र घरेलु हिंसा सम्बन्धी ऐन, बालअधिकार सम्बन्धी महासन्धी, जिल्ला प्रतिनिधिहरूको आचार संहिता, ठूला सात महासन्धी र इन्सेक अभिलेखिकरण लगायतका विषयमा सहजीकरण गरिएको थियो। उक्त तालिममा पुनरावेदन अदालत पोखराका न्यायधीश डिल्लीराज आचार्य, राष्ट्रिय मानवअधिकार आयोग पोखराका निमित्त निर्देशक यज्ञप्रसाद अधिकारी, एड्भोकेसी फोरम पोखराकी संयोजक सरलाकुमारी पाण्डे, इन्सेक केन्द्रीय कार्यालयकी प्रशन्नता वस्ती, गणेश भण्डारी, निर लामा, प्रमिन घिमिरे, गोविन्द त्रिपाठी, इन्सेक पोखराका टंक खनाल र गणेश श्रेष्ठले सहजीकरण गरेका थिए।




*मानवअधिकार अनुगमन तथा अभिलेखीकरणका सहभागीहरू*

पश्चिमाञ्चल क्षेत्रका तनहुँ, गोरखा, मनाङ, स्याङजा, कास्की, नवलपरासी, रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, म्याग्दी र मध्यमाञ्चल क्षेत्रका पर्सा, मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र दोलखा गरी २१ जिल्लाका इन्सेक जिल्ला प्रतिनिधिहरू र प्रलेख अधिकृतहरूको सहभागीता रहेको थियो।

## यातना रोकथामका लागि सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया

कास्की। १५औं अन्तर्राष्ट्रिय यातनापीडित सहयोगार्थ दिवसको अवसरमा राष्ट्रिय मानवअधिकार आयोग, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र एड्भोकेसी फोरम नेपालको आयोजनामा "यातना रोकथाममा सरोकारवालाहरूको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रम ०६९ असार १२ गते पोखरामा सम्पन्न भयो।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै एड्भोकेसी फोरम पोखराका क्षेत्रीय संयोजक सरलाकुमारी पाण्डेले यातना पीडितहरूको राहत, क्षतिपूर्ति र न्यायको लागि सरोकारवाला निकायले पहल गर्नु पर्ने र यातना क्षतिपूर्ति ऐन कार्यान्वयन हुनु पर्नेमा जोड दिईन्।




*अन्तर्राष्ट्रिय यातनापीडित सहयोगार्थ दिवस कार्यक्रमका सहभागीहरू*

जिल्ला प्रहरी कार्यालयका कास्कीका प्रमुख एसपी शैलेश थापाक्षेत्रीले अपराधीलाई यातना दिने सुरक्षा निकायको कुनै नीति नभएको भन्दै यातना रोकथामका लागि सामाजिक संरचना र परम्परागत संस्कारलाई सुधार गर्नु पर्नेमा जोड दिए।

जिल्ला न्यायाधीवक्ता खड्कबहादुर केसीले सरोकारवाला निकायले विषयवस्तुको तथ्यलाई पहिचान गरेर मात्र जाहेरी दिनु पर्ने र अधिकार खोज्नेले कर्तव्यको ख्याल गर्नु पर्ने बताए।

द्वन्द्वपीडित कृष्णकुमारी गुरुङले सशस्त्र द्वन्द्वको समयमा आफुलाई नेपाली सेनाले ४५ दिनसम्म ब्यारेकमा राखेर यातना दिएको तर हालसम्म क्षतिपूर्ति र न्याय पाउन नसकेको गुनासो गरिन्।

कार्यक्रममा वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बराल, जिल्ला बार एशोसियसनका अध्यक्ष कमल अर्याल, शान्तिका लागि नागरिक समाजको सञ्जालका संयोजक सुरेन्द्र थापामगर, सशस्त्र प्रहरी बल कालिका गणका गणपति एसपी शम्भु उप्रेती, द्वन्द्वपीडितहरू मनुमाया खत्री, कृष्णप्रसाद ढु ाना, कृष्णप्रसाद अधिकारी, डिएसपी यज्ञविनोद पोखरेल, सञ्चारकर्मी गोविन्द सुवेदी, पूर्णचन्द्र घिमिरे, कमल सुवेदी लगायतले यातनाको बारेमा सचेतना जगाई यातना सम्बन्धी कसुरलाई दण्डनीय बनाउनु पर्नेमा जोड दिए।

राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालयमा निर्देशक यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रम इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक शिव खकुरेलले सञ्चालन गरेका थिए।

---

## शान्तिका लागि नागरिक समाजको सञ्जाल

पोखरा

०६९ वैशाख २५ गते ।

### प्रेस विज्ञप्ति

हिमपहिरोका कारण ०६९ वैशाख २३ गते विहान सेती नदी थुनिएर आएको बाढीबाट भएको ठूलो मानवीय तथा भौतिक क्षतिप्रति शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखरा र इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा गहिरो दुःख व्यक्त गर्दछ ।

प्राकृतिक तथा दैवी प्रकोपमा परी ज्यान गुमाएका व्यक्तिको मृतात्मप्रति चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति शोकको यस घडीमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै यस अकल्पनीय प्राकृतिक दैवी प्रकोपमा घाइते भई उपचार गराइरहनु भएका व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दै उहाँहरुको उचित उपचारका लागि सरोकारवाला निकायसंग अनुरोध गर्दछौं । हिमपहिरोका कारण वेपत्ता भएका नागरिकहरुको प्रभावकारी रुपमा खोजी गरी उद्धार कार्यलाई निरन्तर रुपमा अगाडि बढाउँन तथा प्रकोप पीडित व्यक्तिका परिवारलाई आवश्यक भौतिक सहयोग तथा राहतको उपलव्धको व्यवस्था गर्न नेपाल सरकारसंग आग्रह गर्दछौं ।

यस्तै प्राकृतिक दैवी प्रकोपका कारण क्षतिभएको पुल पुनः निर्माण, घटनास्थल क्षेत्रमा खानेपानीको समस्या तत्काल समाधान गर्न तथा पोखरामा क्षेत्रमा वितरण हुदै आएको खानेपानी आपूर्तिको पाइप मर्मत कार्यलाई अविलम्ब अगाडि बढाउनका लागि हामी नेपाल सरकार तथा सरोकारवाला निकायसँग जोडदार माग गर्दछौं ।

सुरेन्द्र थोपामगर
संयोजक,.सञ्जाल

टंक खनाल
सहायक अधिकृत इन्सेक,पोखरा

**शान्तिका लागि नागरिक समाजको सञ्जाल**
**कास्की, पोखरा**

२०६१

मिति : २०६९ जेठ ९ गते

**प्रेश विज्ञप्ति**

जातिय पहिचानको आधारमा राज्यको पुनर्संरचना गर्न माग गर्दै आदिवासी जनजाती महासंघ तथा तमुवान संघर्ष समितीद्वारा २०६९ जेठ ७ गते देखि ९ गते सम्म ३ दिनका लागि आव्हान गरिएको नेपाल बन्द को तेश्रो दिन शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्की, पोखरा सम्बद्ध मानव अधिकार रक्षकहरुबाट अनुगमन भएको छ ।

आजको बन्दका क्रममा बिहान करिब ९ बजेको समयमा पोखरा-७ मासवार माधव बराललाई सृजनाचोकमा प्रदर्शनकारीहरुको कुटपिटबाट घाइते भई मेट्रोसिटी हस्पिटलमा उपचार भएको, पोखरा-१० घलेचोकमा दुइवटा मोटरसाइकल र त्याहाँबाट अलिक पर बन क्याम्पस जाने बाटोमा एउटा स्कुटर तोडफोड गरिएको, मोटरसाइकलमा सवार रामबजार बस्ने बिनोद गुरुङ्ग, सोहिल गुरुङ्ग घाइते भएको र स्थानिय मेडिकल पसलमा उपचार गरेको पाइयो । आज बन्दका क्रममा थप हिंसात्मक घटनाहरु नभएकोले उपरोक्त घटनाहरु बाहेक शान्तिपूर्ण रुपमा सम्पन्न भएको पाइयो । बिभिन्न जात जातीहरुमा रहेका हामी सबै नेपाली नेपाली बीचको युगौं देखिको जातिय एवं सामाजिक सद्भाव, आपसी हार्दिक सम्बन्धमा खलल हुन नदिनु तथा सद्भाव र सम्बन्धलाई चीरकाल सम्म अझ सुदृढ र सुमधुर बनाउनु हामी सबै नेपालीको समान कर्तव्य हो भन्ने कुरामा दुईमत छैन । तसर्थ आफ्ना जायज मागहरु पूरा गर्न दवाव दिने उद्दश्यले गरिने आन्दोलनका कार्यक्रममा जातीय तथा सामाजिक सद्भाव भड्किने, आपसी सम्बन्धमा आँच आउने कुनैपनि क्रियाकलापहरु नगर्न नगराउन सम्बद्ध सबै पक्षहरुसँग आग्रह गर्दछौं । बन्द हड्तालबाट सामान्य जनजीवन कति कष्टप्रद हुने रहेछ भन्ने कुरा हामी सबैले हालका दिनहरुमा भोगीरहेको हुँदा आन्दोलनका दवाव मूलक कार्यक्रमको रुपमा आगामी दिनहरुमा बन्द हड्ताल जस्ता कार्यक्रमहरु नराखी बैकल्पिक माध्यम अवलम्बन गर्न पनि सबै पक्षहरुसँग जोडदार आग्रह गर्दछौं ।

**सञ्जालको तर्फबाट**

| | | |
|---|---|---|
| १) सुरेन्द्र थापामगर | संयोजक | शान्तिका लागि नागरिक समाजको सञ्जाल,कास्की |
| २) बासुदेव बराल | अध्यक्ष | मानवअधिकार तथा सामाजिक रूपान्तरण अभियान |
| ३) रामप्रसाद सुवेदी | महासचिव | शान्तिकालागि नागरिक समाजको सञ्जाल, कास्की |
| ४) खगराज आचार्य | सल्लाहाकार | शान्तिका लागि नागरिक समाजको सञ्जाल,कास्की |
| ५) शिव खकुरेल | संयोजक इन्सेक, | पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा |
| ६) जुनाकुमारी गुरुङ्ग | अध्यक्ष | महिला मानवअधिकार रक्षक सञ्जाल,कास्की |
| ७) विष्णुप्रसाद लम्साल | सदस्य | मानवअधिकार संरक्षण मञ्च,कास्की |
| ८) सुनिल पाण्डे | सदस्य | राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति |
| ९) ढाकाराम पौडेल | अध्यक्ष | जनआन्दोलन शहिद परिवार तथा घाईते समन्वय समिति |
| १०) केशु भुजेल | सदस्य | महिला मानव अधिकार रक्षक सञ्जाल, कास्की |
| ११) दिपककुमार वि.क | क्षेत्रीय का.अधिकृत | शान्तिका लागि साझा अभियान (कोक्याप)पोखरा |
| १२) प्रमोद भण्डारी | उपाध्यक्ष | मानव अधिकार शिक्षा क्लव(रिलेक), कास्की |
| १३) सरलाकुमारी पाण्डे | क्षेत्रीय संयोजक | एड्भोकेशी फोरम, पोखरा |
| १४) जानकी शर्मा | सचिव | मानव अधिकार एलायन्स्, पश्चिमाञ्चल क्षेत्रीय समति |
| १५) कमलप्रसाद अर्याल | अध्यक्ष | कास्की जिल्ला अदालत बार एसोसिएसन |

इन्सेक insec insec

मिति: ०६९ जेठ ८ गते

**प्रेस विज्ञप्ति**

नेपाल आदिवासी जनजाति महासंघ लगायतका समूहले आह्वान गरेको आमहड्तालको क्रममा ०६९ जेठ ८ गते रुपन्देही, नवलपरासी र कास्की लगायत पश्चिमाञ्चल क्षेत्रका विभिन्न स्थानमा मानवअधिकार रक्षक तथा प्रेसमाथि भएका आक्रमणहरूको हामी घोर भत्सर्ना र निन्दा गर्दछौं ।

बन्दको अनुगमनका क्रममा मानवअधिकार रक्षक इन्सेक रुपन्देहीका प्रतिनिधि अमृत गिरी, सञ्चारकर्मीहरु भरत प्रधान, कृष्ण नेपाल, मनिष विक,कास्कीका राजन पौडेल, विन्दु थापा, हेमराज अधिकारी र नवलपरासीका पत्रकार हरि शर्मा माथि विभिन्न स्थानमा भएका यस्ता आक्रमण र अमानवीय व्यवहारबाट नागरिकको सूचनाको अधिकार तथा प्रेस स्वतन्त्रता माथिको ठाडो हस्तक्षेप भएको हाम्रो ठहर छ । तसर्थ मानवअधिकार रक्षक र सञ्चारकर्मीहरुलाई सुरक्षाको प्रत्याभूति दिई मानवअधिकारको सम्मान र पूर्ण प्रेस स्वतन्त्रताको अनुभूति हुने वातावरणको सुनिश्चित गर्न हामी नेपाल सरकारसँग र आन्दोलनरत पक्षसंग माग गर्दछौं ।

साथै सरकारसंग विभिन्न मागहरुराखि आन्दोलनरत आदीवासी जनजाति महासंघ संयुक्त संघर्ष समिति, थारुहट संयुक्त संघर्ष समिति, संयुक्त मधेशी मोर्चा लगायतका समूहलाई पनि शान्तिपूर्ण माध्यमबाट आफ्ना मागहरू अगाडि बढाउँदै आम नागरिकको मौलिक हक अधिकारको सम्मान गर्न हामी आग्रह गर्दछौं । विगत केही समययता जनताको जनजीवनमा प्रतिकूल असरपार्ने गरी विभिन्न समूहबाट आव्हान गरिएका आमहड्ताल जस्ता कठोर आन्दोलनका कार्यक्रमहरू फिर्ता लिई बैकल्पिक उपाय अवलम्बन गर्नका लागि हामी आन्दोलनरत पक्षसंग आग्रह गर्दछौं ।

शिव खकुरेल
क्षेत्रीय संयोजक

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं ।

मानवअधिकार र सामाजिक न्यायको निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**
पोखरा उमनपा-७, अन्नपूर्ण टोल
फोन : ०६१-४६५५१२, फ्याक्स : ०६१-४६३४९२
email:pokhara@insec.org.np, website:inseconline.org